"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका कार्यालय
# धनकुटा

# छाडापशु नियन्त्रण सम्वन्धी कार्यविधि (संसोधनसहित), २०६१

(मिति २०७३।१।२८ को पच्चिसौं नगरपरिषद्बाट परिमार्जनसहित स्वीकृत)

०७३।१।२८
कार्यकारी अधिकृत
उप सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# छाडापशु नियन्त्रण सम्वन्धी कार्यविधि (संसोधनसहित), २०६१

(मिति २०७३।९।२८ को पच्चिसौ नगरपरिषद्‌बाट परिमार्जनसहित स्वीकृत)

विषयसूची

पेज नं.


१. छाडा पशु पक्राउ गर्ने प्रकृया : १
२ छाडा पशुको वर्गिकरण १
३. जरिवाना : १
३.१ थप जरिवाना तथा सोभै लिलाम विक्री गर्ने : २
४. लिलाम गर्ने प्रकृया : २
५. लिलाम नभएका पशुको सम्वन्धमा : २
६. पुरस्कार ३
७. पक्राउ भएको पशु सुरक्षीत राख्नु पर्ने : ३
८. छाडापशु नियन्त्रण सम्वन्धी सचेतना अभियान : ३
९. कार्यविधि हेरफेर तथा परिमार्जन : ३

अनुसूची -१
(कार्यविधिको बुँदा नं. १ को उपबुँदा (ख) संग सम्वन्धित)
**छाडापशु नियन्त्रणमा लिएको सार्वजनिक सूचना** ४

अनुसूची -२
(कार्यविधिको बुँदा नं. १ को उपबुँदा (ग) संग सम्वन्धित)
**नियन्त्रणमा लिएको छाडापशु अभिलेख विवरण खाता** ५

अनुसूची -३
(कार्यविधिको बुँदा नं. ३ संग सम्वन्धित)
**छाडापशु बुझिलिनेको विवरण** ५

अनुसूची -४
(कार्यविधिको बुँदा नं. ४ को उपबुँदा (क) संग सम्वन्धित)
**छाडापशु लिलाम विक्रीको सूचना** ६

अनुसूची -५
(कार्यविधिको बुँदा नं. ४ को उपबुँदा (ग) संग सम्वन्धित)
**छाडा पशु लिलाम बढावढ फाराम** ६


कार्यकारी अधिकृत
उप सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका कार्यालय
# छाडापशु नियन्त्रण सम्वन्धी कार्यविधि (संसोधनसहित), २०६१

(मिति २०७३।९।२८ को पच्चिसौं नगरपरिषद्‌बाट परिमार्जनसहित स्वीकृत)

नगरपालिकाको शहरी तथा आवसिय क्षेत्रमा जथाभावि छाडा छोडिएका चौपायले सडक तथा सार्वजनिक स्थलमा फोहोर गर्ने एवं मानिस सवारी साधन आवत जावतमा अवरोध पु-याइ दुर्घटना समेत हुन सक्ने भएकोले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ को उपदफा १ अन्तर्गत व्यवस्था गरिएको छाडा पशु पक्राउ गरी लिलाम गर्ने प्रकृयालाई प्रभावकारी रुपले कार्यान्वयन गर्न स्थानीय स्वायत्त शासन नियमावली (संशोधन सहित), २०५६ को नियम २७६ को अधिकार प्रयोग गरी **छाडापशु नियन्त्रण सम्वन्धी कार्यविधि (संसोधनसहित), २०६१** स्वीकृत गरिएको छ।

**१. छाडा पशु पक्राउ गर्ने प्रकृया :**

(क) नगरपालिका क्षेत्रभित्र छाडा छोडिएका पशुलाई कार्यालयबाट खटिइको टोलिले पक्राउ गरी कान्जी हाउससम्म ल्याईने छ। छाडा छोडिएका पशुलाई टोली बाहेकका अन्य कुनै व्यक्तिले समेत पक्राउ गरी नगरपालिकामा बुझाउन सक्नेछ ।

(ख) पशु पक्राउ गरे पश्चात तुरुन्तै सोही स्थानमा र अन्य सार्वजनिक स्थलमा अनुसूची - १ बमोजिम सूचना गरिनेछ

(ग) पक्राउ गरिएको पशुलाई चिन्न सक्ने गरी अनुसूची -२ बमोजिम अभिलेख राख्ने व्यवस्था मिलाइने छ।

**२ छाडा पशुको वर्गिकरण**

क. रांगा, भैसी
ख. गाई, गोरु
ग. बाखा, खसी, बोका
घ. सुंगुर

**३. जरिवाना :**

पक्राउ गरिएका पशुलाई नियन्त्रणमा राखेको तीनदिन भित्रमा पहिलो पटकको लागि देहायको जरिवाना तिरेर अनुसूची -३ पशुधनीले छुटाई लैजान पाउनेछ।

(क) राँगा, भैसीलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रतिगोटा रु. ७००।- दोश्रो दिन ९००।- तेश्रो दिन १२००।

(ख) गाई, गोरु नियन्त्रणमा राखेको पहिलो दिन प्रतिगोटा रु. ५००।- दोश्रो दिन ७००।- तेश्रोदिन १०००।-

(ग) बाखा,बोका, खसीलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रतिगोटा रु. ३००।- दोश्रो दिन ४००।- तेश्रो दिन ५००।

(घ) सुंगुरलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रतिगोटा रु. ४००।- दोश्रो दिन ५००।- तेश्रोदिन ६००।-

कार्यकारी अधिकृत
उप सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

**३.१ थप जरिवाना तथा सोझै लिलाम विक्री गर्ने :**

एकपटक नियन्त्रणमा लिई जरिवाना गरी छुटाई लगेको पशुधनीले दोश्रो पटक छाडा छोडिएको पाईमा नियन्त्रणमा लिई बुँदा नं. ३ मा उल्लेखित दिनको आधारमा लाग्ने जरिवानामा दोब्बर जरिवाना दस्तुर बुझाई एक पटकको लागि पशुधनीले पशुलाई छुटाई लैजान सक्नेछ । पशुधनीले तेश्रो पटक समेत छाडा छोडेको पाईमा नियन्त्रणमा लिई सोझै लिलाम बिक्री प्रकृया अवलम्बन गरी लिलाम बिक्री गरिनेछ । यो बुँदामा भएको पटकको गणना पशुधनीलाई आधार मानिनेछ ।

**(४) लिलाम गर्ने प्रकृया :**

पक्राउ गरिएका पशु बुँदा नं. ३ र ३.१ बमोजिम छुटाई नलगेमा देहायको प्रकया अपनाई लिलाम बढावढ गरिने छ ।

(क) लिलाम गर्ने पशुको विवरण एवं न्युनमत मुल्य खुलाई अनुसूची -४ बमोजिम तीन दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

(ख) लिलाम गर्ने पशुको न्यूनतम मूल्य तोक्ने एवम् लिलाम विक्री गर्ने अधिकार निम्न समितिलाई रहनेछ । समितिले लिलाम विक्री सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१. संयोजक : धनकुटा नगरपालिका कार्यालयको प्रशासकिय अधिकृत
२. सदस्य : जिल्ला प्रशासन कार्यालयले तोकेको प्रतिनिधि ।
३. सदस्य : जिल्ला पशुसेवा कार्यालयले तोकेको प्रतिनिधि ।
४. सदस्य : जिल्ला प्रहरी कार्यालयले तोकेको प्रतिनिधि ।
५. सदस्य सचिव : नगर प्रहरी प्रमुख ।

(ग) अनुसूची -५ बमोजिम पशु लिलाम गर्दा प्राप्त हुने रकम नगरपालिकाको आन्तरिक कोषमा आम्दानी बाँधिनेछ ।

**(५) लिलाम नभएका पशुको सम्बन्धमा :**

लिलाम बढावढको प्रकृयाद्धारा लिलाम विक्री सकार हुन नसकेको पशुलाई स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम आवश्यक कार्यवाहीको लागि अनुरोध गरी कार्यान्वयन गरिनेछ ।

कार्यकारी अधिकृत
उप सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

(६) पुरस्कार

छाडा पशु पक्राउ गरी नगरपालिकाको कान्जीहाउससम्म ल्याई दिने कुनै व्यक्ति वा संस्थालाई जरिवाना रकमको पचास प्रतिशत बरारबरको रकम पुरस्कार दिईनेछ। यो पुरस्कार रकम नगरपालिकाबाट छाडापशु नियन्त्रणमा खटिने नगर प्रहरी वा अन्य कर्मचारीले समेत पाउनेछ।

(७) **पक्राउ भएको पशु सुरक्षीत राख्नु पर्ने :**

नगरपालिकाले नियन्त्रणमा लिएको पशुलाई टोलीबाट नियन्त्रणमा लिई आभिलेख कायम गरी पशुधनीले छुटाई नलगे एवम् लिलाम प्रकृया पुरा नभएसम्म नगरपालिकाले आवश्यक घाँस, दाना, पानी तथा आहाराको व्यवस्था मिलाई कान्जी हाउसमा सुरक्षीत तवले पशुको रेखदेख एवम सुरक्षा प्रबन्ध मिलाउनु पर्नेछ। कान्जी हाउसमा राखेको पशु कारणवस मरेमा मुचुल्का उठाई अभिलेखबाट लगत कट्टा गरिने छ जसको क्षेतिपूर्ति उपलव्ध गराईने छैन।

(८) **छाडापशु नियन्त्रण सम्बन्धी सचेतना अभियान :**

नगरपालिकाले समय समयमा स्थानीयस्तरमा माईकिङ, पत्रपत्रिका वा रेडियो लगायत अन्य माध्यमबाट सूचना सम्प्रेशण एवम् सरोकारवाला व्यक्तिहरुको सहभागितामा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

(९) **कार्यविधि हेरफेर तथा परिमार्जन :**

यो कार्यविधिमा समयानुकुल हेरफेर तथा परिमार्जन गर्ने अधिकार नगर परिषद्मा निहित रहने छ।

कार्यकारी अधिकृत
उप सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

अनुसूची -१

(कार्यविधिको बुँदा नं. १ को उपबुँदा (ख) संग सम्बन्धित)

## सूचना ! सूचना !! सूचना !!!

**यो जो संग सम्बन्धीत छ ।**

प्रस्तुत सम्बन्धमा यस नगर क्षेत्र भित्र छाडा छोडिएका पशुहरु नियन्त्रण गर्ने सन्दर्भमा देहायको विवरण अनुसारको छाडा पशु नगरपालिकाले मिति ............................... मा नियन्त्रणमा लिएको हुँदा आजको मितिले तीन दिन भित्रमा नगरपालिका कार्यालयमा सम्पर्क राखी जरिवाना तिरी पशु छुटाई लैजान हुन जानकारी गराईन्छ । अन्यथा प्रकृया अनुसार लिलाम विक्री गरिनेछ ।

*निम्न :*

पशुको जात :

लिङ्ग :

रङ/हुलिया :

उमेर :

तौल :

संख्या :

समातेको स्थान :

पशुको स्वास्थ्य अवस्था :

समातेर ल्याउने व्यक्तिको नाम, ठेगाना :

पशुधनीको नामथर :

पशु पक्राउ गरेको पटक :

.........................

(टोली प्रमुख)

कार्यकारी अधिकृत

उप सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# अनुसूची -२

(कार्यविधिको बुँदा नं. १ को उपबुँदा (ग) संग सम्बन्धित)

## नियन्त्रणमा लिएको छाडापशु अभिलेख विवरण खाता

| क्र. स | मिति | पशुको किसिम | लिङ्ग | रङ/ हुलिया | उमेर | तौल अन्दाजी | संख्या | समातेको स्थान | पशुको अवस्था | साक्षी | नियन्त्रणमा लिनेको नाम | पशुधनीको नाम | पक्राउ गरेको पटक | सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

# अनुसूची -३

(कार्यविधिको बुँदा नं. ३ संग सम्बन्धित)

## छाडापशु बुझिलिनेको विवरण

| क्र.स. | मिति | समय | बुझिलिनेको नाम, थर | ठेगाना | सम्पर्क नं | पशुको किसिम | संख्या | जरिवाना रकम | बुझिलिनेको हस्ताक्षर | बुझाउनेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

कार्यकारी अधिकृत
प्रमु सचिव

"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# अनुसूची -४

(कार्यविधिको बुँदा नं. ४ को उपबुँदा (क) संग सम्बन्धित)

## छाडापशु लिलाम विक्रीको सूचना

| क्र.स. | छाडापशुको विवरण | संख्या | मुल्य प्रति गोटा | जम्मा मुल्य | सूचना प्रकाशित मिति | लिलामको मिति/समय | सामान राखिएको स्थान | न्यूनतम १०% ले हुन आउने | सकार गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# अनुसूची -५

(कार्यविधिको बुँदा नं. ४ को उपबुँदा (ग) संग सम्बन्धित)

## छाडा पशु लिलाम वढावढ फाराम

धनकुटा नगरपालिका कार्यालयबाट मिति.......................................मा प्रकासित छाडापशु लिलाम वढावढ सम्बन्धी सूचना अनुसार नगरपालिकाको कान्जी हाउसमा रहेको छाडापशु लिलाम वढावढ प्रकृयाद्धारा विक्री गर्न न्युनतम मूल्य रु...................................सखिएकोले आज मिति ..............................गते दिन............बजे....................................मा बसी लिलाम वढावढ प्रकृया निम्नानुसार व्यक्तिहरु सहभागि भई तपसिल बमोजिम बोल कबोल भयो ।

| सि.नं. | कवोल गर्ने व्यक्तिको नाम, थर | ठेगाना | पशुको किसिम | पशुको संख्या | कबोल रकम रु | धरौटी ५% नगद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

कार्यकारी अधिकृत
उप सचिव

६